कावासोती नगरपालिका

कावासोती राजपत्र

खण्ड : २, सख्या १०, २०७६/०८/१६ सोमबार

## भाग–२

## कावासोती नगरपालिका

**नेपालको संविधान बमोजिम कावासोती नगर कार्यपालिकाले बनाएको तल बमोजिमको आचारसंहिता सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## कावासोती नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७६

**प्रस्तावनाः**

फोहरमैलालाई श्रोतमा न्यूनीकरण, पुन:प्रयोग, प्रशोधन र विसर्जन गरि प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई न्यून गरि स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र नगरपालिकाद्वारा निर्मित फोहरमैला व्यवस्थापन केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न बाञ्छनिय भएकाले, कावासोती नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने रुऐन २०७५ बमोजिम कावासोती नगर कार्यपालिकाले यो कार्यविधी निर्माण गरि लागु गरेको छ ।

परिच्छेद-१

### परिभाषा र व्याख्या

१.संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधीको नाम "कावासोती नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधी २०७६" रहेको छ ।

(ख) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "नगरपालिका" भन्नाले कावासोती नगरपालिकालाई जनाउनेछ ।

(ख) "प्रमुख" भन्नाले कावासोती नगरपालिकाको प्रमुखलाई जनाउनेछ ।

(ग) "उप प्रमुख" भन्नाले कावासोती नगरपालिकाको उप प्रमुखलाई जनाउनेछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कावासोती नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

(ङ) "व्यवस्थापन केन्द्र" भन्नाले फोहरमैला व्यवस्थापन तथा प्रशोधनका लागि नगरपालिकाले तोकेको स्थान भन्ने बुझ्नुपर्दछ । सो शब्दले फोहरमैला व्यवस्थापन स्थल, त्यहाँ रहेका भौतिक पूर्वाधार र उपकरण समेतको समग्रतालाई जनाउनेछ ।

(च) "व्यवस्थापन केन्द्र सञ्चालनक वा सञ्चालनकर्ता" भन्नाले फोहर मैला व्यवस्थापनका लागि कावासोती नगरपालिकाबाट प्रचलित कानुन बमोजिम सम्झौता भई कार्यादेश पाएको सँस्था वा कम्पनीलाई जनाउनेछ ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ८ बमोजिम गठित समिति